धनगढी उपमहानगरपालिका

DHANGADHI SUBMETROPOLITAN CITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४

च.नं.

बिषय: पार्किङ, सटर र शौचालयलाई बहालमा दिने कार्यको सूचना।

प्रकाशित मिति २०८३।६।१६

धनगढी उपमहानगरपालिकाका तपसिलका स्थानमा रहेका खाली ठाउमा पार्किङ गराउन, सटर र शौचालयबाट सेवा दिए बापत तोकिएको दरमा शुल्क उठाउन पाउने र सटरमा फुड कोर्ट संचालनका साथै पार्किङ कार्यमा वाधा नपर्ने गरी अन्य पसल संचालन गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६२ को उपदफा (२) र (३) बमोजिम सम्झौता भएको मिति देखि लागु हुन गरी १० बर्षका लागि प्रत्येक २।२ बर्षमा बृद्धि भएको रकममा नै कुल १० प्रतिशतले रकम बृद्धि हुने गरी हुने गरी बहालमा दिने निर्णय भएको हुंदा इचंछुक ब्यक्ति, फर्म वा कम्पनीहरुको जानकारीको लागि यो ७ (सात) दिन भित्र सिलबन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सूचनाका शर्तहरू

१। प्रति प्याकेजको न्युनतम बढाबढ मासिक रकम बहाल कर सहित देहाय बमोजिम कायम गरिएको छ।

सि.न.	बिवरण	क्षेत्रफल/ ब.फि.	न्यूनतम मासिक ठेक्का रकम (बहाल कर सहित)	कैफियत
१.	भौतिक पूर्वाधार बिकास मन्त्रालय अगाडीको पार्किङ क्षेत्र	७०००	५०००।-	नबौ पटक सूचना प्रकाशित गर्ने
२.	मूख्यमन्त्री कार्यालय । सडक कार्यालय अगाडि पार्किङ , शौचालय र सटर सहित	८०८७	७५००।-	आठौ पटक सूचना प्रकाशित
३.	जिल्ला वन कार्यालय अगाडि पार्किङ , शौचालय र सटर सहित	४५५३	७५००।-	चौथो पटक सूचना प्रकाशित

२। आफले कवोल ठेक्का रकममा प्रत्येक २।२ बर्षमा १० प्रतिशत रकम बृद्धि गरिदा बृद्धि भएको कुल रकममा नै कुल १० प्रतिशत रकम बृद्धि हुदै जानेछ।

३। दरभाउ पत्र फाराम प्रति प्याकेज दस्तुर बापत रु. १०००। (एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस पमहानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ।

४। सूचना प्रकाशित मितिबाट ८ औं दिन दिनको १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोही दिन दिउंसो २.०० बजे सम्बन्धित व्यक्ति, फर्म/कम्पनी वा निजले तोकेको प्रतिनिधिको

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

रोहवरमा खोलिने छ । तर सम्बन्धित व्यक्ति, फर्म/कम्पनी वा निजले तोकेका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

५। फर्म वा कम्पनीहरूले ठेक्का प्रकृयामा समावेश हुनका लागि आ.व. २०८२।०८३ को आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा यो लागु हुने छैन ।

६। यदि दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ ।

७। कुनै पनि व्यक्ति, फर्म वा कम्पनीको दररेट पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

८। दरभाउ पत्र साथ जमानत वापत आफूले कवोल गरेको रकमको एक वर्षले हुन आउने रकमको ५ प्रतिशत रकम यस धनगढी उप–महानगरपालिका कार्यालयको रा.बा.बैंक धनगढीमा रहेको धरौटी खाता नं. ४१७०१००३०३०००००२ मा नगदै जम्मा गरेको सक्कल भौचर वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट धनगढी उप–महानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

९। बहालमा लिने व्यक्ति वा संस्थाले बहाल सम्झौता गर्दा आफूले कबोल गरेको रकमको १ बर्षले हुन आउने रकम धरौटी बापत जम्मा गर्नु पर्नेछ ।

१०। हाल कायम रहेको संरचनाको मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्य बहालमा लिने पक्षको नै हुने छ

११। संरचना वा जग्गा बहालमा लिने व्यक्ति, फर्म वा कम्पनीले कानूनले निषेध गरेको ब्यवसाय संचालन गर्न पाउने छैन ।

१२। बहाल सम्झौता भई सकेपछि बहालमा लिएका संरचनाहरूमा बिजुली, खानेपानी, मर्मत सम्भार र सरसफाई शुल्क, महशुल लगायत अन्य कर सम्बन्धी सम्पूर्ण खर्च बहालमा लिने पक्षले नै व्यहोर्नु पर्ने छ ।

१३। यस सूचनामा उल्लेख नभएका कुरा कार्यालयको निर्णय र प्रचलित ऐन, कानून बमोजिम हुनेछ, साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

१४। यो सूचना धनगढी उप–महानगरफालिकाको वेव साईट www.dhangadhimun.gov.np बाट पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश ।

दरभाउपत्र दस्तुर रू. १०००।

पार्किङ नं.	बिवरण	क्षेत्रफल वर्ग फिट	ठेक्काका लागि न्युनतम मासिक रकम	कवोल गरेको मासिक ठेक्का रकम (बहाल कर सहित)		धरौटी रकम
				अंकमा रू.	अक्षरमा रू.	
१	जिल्ला वन कार्यालय, कैलालीको पर्खाल अगाडि रहेको पार्किङ, शौचालय र सटर सहित ।	४५५३	७५००।			
२	मूख्यमन्त्री कार्यालय । सडक कार्यालय अगाडि पार्किङ, शौचालय र सटर सहित	८०८७	७५००।			
३	भौतिक पूर्वाधार बिकास मन्त्रालय अगाडि पार्किङ मात्र ।	७०००	५०००।			

ब्यक्ति, फर्म वा कम्पनीको तर्फबाट:

ब्यक्तिको नाम:

फर्म वा कम्पनीको नाम:

दस्तखत:

ठेगाना:

फोन नं.

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

अधिकृत स्तर आठौं